# विहादी गाउँ कार्यपालिकाको मिति २०८३ साल असार ०३ गतेको निर्णय प्रमाणित

**निर्णय नं १ :** आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट निर्माणको लागि कार्यालयबाट पेश भई आएका गाउँपालिकाको प्रशासनिक तथा पालिका स्तरिय बजेट तथा कार्यक्रमको शिर्षकगत छलफल गरि पालिका स्तरिय योजना तथा कार्यक्रमहरु र कार्यालयबाट सञ्चालन हुने चालु तथा पुँजिगत कार्यक्रमहरु आगामी गाउँसभामा पेश गर्ने गरि निर्णय गरियो ।

**निर्णय नं २ :** विहादी गाउँपालिकाका विभिन्न विषयगत शाखालाई उपलब्ध गराईएको बजेट सिलिङको आधारमा विभिन्न शाखाहरुबाट पेश भई आएका बजेट तथा कार्यक्रम उपल आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो । आगामी गाउँ कार्यपालिका बैठक २०८३ साल असार ५ गते विहान १० बजे आयोजना गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं ३ :** मदन आश्रीत स्मृति भवन मर्मत तथा संभार कुश्मा नगरपालिका वडा नं ६ पर्वतको च नं २९, मिति २०८३।०३।०१ को पत्रबाट कार्यालय पुनर्निर्माणको लागि सहयोग माग भई आएकोले उक्त संस्थाको भवन पुनर्निर्माणको लागि गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को आर्थिक सहायता शिर्षकबाट ६५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४ :** वि पी स्मृति भवन कुश्मा पर्वत पुनर्निर्माणको लागि सहयोग माग भई आएकोले उक्त संस्थाको भवन पुनर्निर्माणको लागि गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को आर्थिक सहायता शिर्षकबाट ६५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५ :** विहादी गाउँपालिका ४ नं वडा तलातुम निवासी घन लाल न्यौपानेको घरको छाना चुहिने भएकोले छाना मर्मतको लागि चालु आर्थिक वर्ष २०८२।०८३ को आर्थिक सहायता शिर्षकबाट ७ हजार ५ सय रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८३।०३।०४

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकोठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत